भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं ४२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

बीमा व्यवसायलाई व्यवस्थित तथा नियमित गर्न बनेको ऐन

प्रस्तावना : बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि बीमा समितिको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

६८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद - १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बीमा ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको बीमा समिति सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्षलाई समेत जनाउँछ।

(घ) "बीमक" भन्नाले दफा १० बमोजिम दर्ता भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले पुनर्बिमकलाई समेत जनाउँछ।

(ङ) "बीमा व्यवसाय" भन्नाले जीवन बीमा व्यवसाय वा निर्जीवन बीमा व्यवसाय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्झनु पर्छ र सो शब्दले पुनर्बीमालाई समेत जनाउँछ।

(च) "जीवन बीमा व्यवसाय" भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको आयुको आधारमा किस्ताबन्दी बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालाले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी व्यवसाय सम्झनु पर्छ।

(छ) "निर्जीवन बीमा व्यवसाय" भन्नाले जीवन बीमा व्यवसाय बाहेक अन्य बीमा व्यवसाय सम्झनु पर्छ।

(ज) "पुनर्बीमा व्यवसाय" भन्नाले बीमकले जोखिम धारण गर्ने अंश भन्दा बढी अंशको पुनः बीमा गर्ने व्यवसाय सम्झनु पर्छ।

(झ) "बीमा लेख" भन्नाले बीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्छ।

(ञ) "बीमाङ्की" भन्नाले बीमा व्यवसायमा भएको दायित्वको निर्धारण तथा गणना गर्नेको लागि बीमकद्वारा नियुक्त

६८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको तोकिए बमोजिमको योग्यता भएको व्यक्ति सम्झनु पर्छ।

(ट) "बीमित" भन्नाले जीवन बीमा तथा निर्जीवन बीमा गराउने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ठ) "बीमा अभिकर्ता" भन्नाले बीमकको तलबी कर्मचारी नभई कमिसनको आधारमा बीमकको तर्फबाट काम गर्ने दफा ३० बमोजिम इजाजत-पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले ब्रोकर समेतलाई जनाउँछ।

(ड) "सर्भेयर" भन्नाले क्षतिग्रस्त सम्पत्तिको आर्थिक मूल्याङ्कन गर्ने दफा ३० बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले एडजस्टर र नोक्सानी मूल्याङ्कन गर्नेलाई समेत जनाउँछ।

(ढ) "लेखा परीक्षक" भन्नाले प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्न प्रमाणपत्र प्राप्त लेखा परीक्षक सम्झनु पर्छ।

(ण) "आर्थिक वर्ष" भन्नाले बीमकको आर्थिक वर्ष सम्झनु पर्छ।

६८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

परिच्छेद - २
समितिको गठन र व्यवस्था

३. समितिको गठन : (१) बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि बीमा समितिको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) श्री ५ को सरकारले नियुक्त गरेको वा तोकेको व्यक्ति- अध्यक्ष

(ख) प्रतिनिधि, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय- सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय- सदस्य

(घ) बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एक जना व्यक्ति- सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) बीमितहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एक जना व्यक्ति - सदस्य

(३) समितिले तोकेको कुनै कर्मचारीले समितिको सचिवको काम गर्नेछ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू हेरफेर गर्न सक्नेछ।

(५) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई पर्यवेक्षकको रूपमा समितिको बैठकमा उपस्थित हुन आमन्त्रित गर्न सक्नेछ।

(६) समितिका मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ। पदावधि समाप्त भएपछि निजहरू दुई पटक सम्म पुनः मनोनीत हुन सक्नेछन्।

(७) समितिको प्रधान कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ।

४. <u>समिति स्वशासित संस्था हुने</u> : (१) समिति अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) समितिको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

६८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र समिति उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

५. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक तीन महीनामा दुई पटकमा नघटाई वर्षको कम्तीमा आठ पटक बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(६) समितिको निर्णय सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. <u>अध्यक्षको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था</u> : (१) बीमा व्यवसायमा विशेष ज्ञान भएका कुनै व्यक्तिलाई श्री ५ को सरकारले अध्यक्षको पदमा नियुक्त गर्न वा तोक्न सक्नेछ।

(२) अध्यक्ष समितिको मुख्य प्रशासकीय अधिकारी हुनेछ र समितिका निर्णयहरू कार्यान्वयन गर्ने तथा समितिको काम कारवाहीको रेखदेख तथा नियन्त्रण गर्ने सम्पूर्ण अधिकार तथा कर्तव्य अध्यक्षको हुनेछ।

(३) अध्यक्षको पदावधि चार वर्षको हुनेछ र निजलाई पुनः नियुक्त गर्न वा तोक्न सकिनेछ।

(४) अध्यक्षको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. <u>समितिका कर्मचारी</u> : (१) समितिको कार्य सञ्चालनको निमित्त समितिले आवश्यक कर्मचारी तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद - ३
समितिको काम, कर्तव्य र अधिकार

८. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नको लागि नीति निर्धारण गर्न श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने,

(ख) बीमाबाट प्राप्त हुन आएको रकम लगानी गर्नको लागि नीति निर्धारण गरी प्राथमिकता क्षेत्र तोक्ने,

(ग) बीमक, बीमा अभिकर्ता वा सर्भेयरको दर्ता र नवीकरण गर्ने तथा दर्ता खारेज गर्ने, गराउने,

(घ) बीमक तथा बीमित बीचको वाद विवादमा मध्यस्थता गर्ने,

(ङ) बीमितको हित रक्षाको निम्ति आवश्यक आधार तर्जुमा गर्ने, र

(च) बीमा व्यवसायसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने, गराउने।

९. उपसमिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सुचारूरुपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपसमितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ।

परिच्छेद - ४
बीमकको दर्ता, दर्ता खारेज तथा दायित्व

१०. बीमकको दर्ता : (१) यस ऐन बमोजिम प्रमाणपत्र नलिई कसैले पनि बीमा व्यवसाय गर्नु गराउनु हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बीमा व्यवसाय गर्न चाहने स्वदेशी तथा विदेशी संगठित संस्थाले समितिको कार्यालयमा बीमकको रूपमा आफ्नो नाम दर्ता गर्न तोकिएको ढाँचामा देहायका कागजात संलग्न राखी तोकिएको दस्तूर सहित निवेदन दिनु पर्नेछः-

(क) आफ्नो संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावली,

(ख) आफूले गर्न लागेको बीमा व्यवसाय, त्यसका नीति र शर्तहरू,

(ग) जीवन बीमा व्यवसाय गर्ने भए सो व्यवसाय गर्दा लिइने रकम र दायित्वको हिसाब देखाइएको लिखत,

(घ) बीमा बापत प्राप्त हुन आएको रकम उपभोग गर्ने तरीका बारेको लिखत, र

(ङ) समितिले तोकिदिएका अन्य आवश्यक कागजातहरू।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गरी निवेदकसंग कुनै कुरा बुझ्नु पर्ने भए सो कुरा समेत बुझी निवेदकको नाउँ तोकिएको दर्ता किताबमा दर्ता गरी निवेदकले गर्न पाउने बीमा व्यवसायका किसिम समेत उल्लेख गरी निवेदकलाई तोकिए बमोजिमको ढाँचामा बीमकको प्रमाणपत्र दिनु पर्नेछ र दर्ता गर्न नहुने मनासिब कारण भएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसको जानकारी समितिले सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

तर जीवन बीमा व्यवसाय गर्ने प्रमाणपत्र दिनु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

११. <u>बीमकको दर्ताको नवीकरण</u> : (१) बीमकले आफ्नो दर्ताको प्रमाणपत्रको नवीकरणको लागि प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले दर्ताको नवीकरण गरी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र कुनै बीमकले आफ्नो दर्ताको प्रमाणपत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई निवेदन दिएमा र सो कारण मनासिब देखेमा समितिले बढीमा एक महीनाको म्याद थपिदिन सक्नेछ।

१२. <u>दर्ता हुन नसक्ने</u> : दफा १० मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै स्वदेशी तथा विदेशी संगठित संस्था देहायको अवस्थामा बीमकको रूपमा दर्ता हुन सक्ने छैन :-

(क) समितिको कार्यालयमा दर्ता भइसकेको बीमकको नामसंग मिल्ने गरी अर्को बीमकको नाम दर्ता गर्न आएमा, र

(ख) घटीमा तीनकरोड रूपैयाँको भुक्तानी पूँजी नभएमा।

683 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. बीमकको दर्ता खारेज गर्न सकिने : (१) समितिले देहायको अवस्थामा बीमकलाई लिखित सूचना दिई सोही सूचनामा तोकिएको मितिदेखि लागू हुने गरी बीमकको दर्ता खारेज गर्न सक्नेछ :-

(क) प्रमाणपत्र पाएको मितिले ६ महीनाभित्र बीमा व्यवसाय शुरू नगरेमा,

(ख) बीमकको दायित्व निजको सम्पत्ति भन्दा बढी छ भन्ने लागेमा,

(ग) नेपाल अधिराज्यभित्र जारी गरिएको बीमा लेख अन्तरगत मुद्दा परी अदालतबाट अन्तिम किनारा भएको तीन महीना सम्म पनि बीमकले फैसला बमोजिमको दायित्व पूरा नगरेमा,

(घ) बीमा व्यवसायको प्रधान कार्यालय नेपाल बाहिर हुने विदेशी बीमकले सो मुलुकको प्रचलित कानून बमोजिम निजले पाए सरहको सुविधा नेपाली बीमकले सो मुलुकमा पाएको छैन भन्ने लागेमा,

(ङ) नेपालभित्र बीमकले आफ्नो कार्यालय नखोलेमा,

(च) बीमकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा वा नगर्नु पर्ने कुनै काम गरेमा।

(२) उपदफा (१) बमोजिम बीमकको दर्ता खारेज गर्नु अघि समितिले सम्बन्धित बीमकलाई दर्ता खारेज गर्नु परेको कारण खोली स्पष्टीकरण पेश गर्न मनासिब समय दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको समय भित्र सम्बन्धित बीमकले स्पष्टीकरण पेश नगरेमा वा गरेपनि निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा समितिले उपदफा (१) बमोजिम त्यस्तो बीमकको दर्ता खारेज गरी सो को सूचना नेपाल अधिराज्यबाट प्रकाशित हुने दुई मुख्य पत्रपत्रिकामा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम कुनै बीमकको दर्ता खारेज भएको कारणले मात्र त्यस्तो दर्ता खारेज हुनु पूर्व भए गरेको कुनै काम कारवाईको सम्बन्धमा निजको हक र दायित्वमा कुनै असर पर्ने छैन।

१४. <u>सञ्चालकलाई ऋण, जमानत तथा सुरक्षण दिन नहुने</u> : कुनै पनि बीमकले आफ्नो सञ्चालक वा निजको परिवारलाई ऋण दिन वा कसैले ऋण दिदा कुनै किसिमको जमानत वा सुरक्षण दिन हुदैन।

तर बीमकले जारी गरेको बीमा लेखको सरेण्डर भ्यालुसम्म दिएको ऋण बारे यो दफा लागू हुने छैन ।

१५. <u>सूचना दिनु पर्ने</u> : बीमकले आफ्नो सञ्चालक वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजहरूको परिवारसँग बीमा व्यवसायको कुनै कारोबार गरेमा निजले त्यसको सूचना पैंतीस दिनभित्र समितिलाई दिनु पर्नेछ।

१६. <u>बीमकको खारेजी पश्चात बीमाको दावी भुक्तानी</u> : दफा १३ बमोजिम दर्ता खारेजीको कारणले विघटन भएका बीमकले बीमा बापत प्राप्त गरेको रकम समितिले तोकेको अवधि भित्र र तरिका बमोजिम जीवन बीमाको सम्बन्धमा समितिले तोकीदिए बमोजिमको बोनस सहित साँवा र निर्जीवन बीमाको सम्बन्धमा दामासाहीले समितिले तोकेको साँवा रकम बीमा लिने व्यक्ति संस्था वा समितिलाई फिर्ता गर्नु पर्नेछ।

१७. <u>बीमक जवाफदेही हुने</u> : (१) बीमक, बीमकको कर्मचारी, बीमा अभिकर्ता वा सर्भेयरले बीमा लेख लिनेहरूको हकहित विरुद्ध कुनै काम गरी नोक्सान पु-याएमा त्यसको क्षतिपूर्ति बीमकले बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमकले क्षतिपूर्ति नबुझाएमा सम्बन्धित बीमितले समितिमा उजूरी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम उजूरी परेमा समितिले उक्त उजूरी उपर आवश्यक छानबीन गरी सम्बन्धित बीमकलाई सो उजूरी उपर सफाइ पेश गर्न मनासिब मौका दिनेछ।

(४) उपदफा (३) बमोजिम बीमकले पेश गरेको सफाइ मनासिब देखिएमा समितिले त्यस्तो उजूरी कारण खोली खारेज गर्न सक्नेछ र सफाइ मनासिब नदेखिएमा समितिले मनासिब क्षतिपूर्ति उजूरवालालाई दिने निर्णय गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम उजूरवालाले क्षतिपूर्ति पाउने गरी समितिबाट निर्णय भएमा बीमकले त्यस्तो क्षतिपूर्तिको रकम सम्बन्धित बीमितलाई समितिले तोकेको म्यादभित्र दिनु पर्नेछ।

१८. <u>लिक्विडेटरको नियुक्ति</u> : कुनै बीमक दफा १३ बमोजिम दर्ता खारेजीको कारणले विघटन भएमा श्री ५ को सरकारले लिक्विडेटरको नियुक्ति गर्न सक्नेछ । त्यसरी नियुक्त भएको लिक्विडेटरको काम, कर्तव्य र अधिकार कम्पनी ऐन, २०२१ अन्तर्गतको सरकारी लिक्विडेटर सरह हुनेछ।

१९. <u>बीमकको हिसाब किताब र लेखा</u> : (१) बीमकले आफ्नो हिसाब किताबको श्रेस्ता रीतपूर्वक राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको श्रेस्तामा बीमकको काम कारवाहीको वास्तविक स्थिति यथार्थ थाहा हुने गरी बीमकको प्रत्येक आम्दानी खर्चको विवरण तथा बीमकको जायजयथा र दायित्वको विस्तृत विवरण स्पष्ट रूपमा उल्लेख गरिएको हुनु पर्नेछ।

२०. <u>बेग्लै हिसाब राख्नु पर्ने</u> : (१) कुनै बीमकले बीमा व्यवसायको साथ साथै अन्य कुनै व्यवसाय गरेमा त्यस्तो बीमकले बीमा व्यवसाय सम्बन्धी हिसाब किताब बेग्लै राख्नुपर्नेछ।

(२) एक भन्दा बढी बीमा व्यवसाय गर्ने बीमकले प्रत्येक बीमा व्यवसायको हिसाब किताब छुट्टाछुट्टै रूपमा स्पष्ट पारी राख्नु पर्नेछ।

२१. <u>बीमा कोष</u> : (१) बीमकले प्रत्येक बीमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवसायको छुट्टाछुट्टै कोष राख्नु पर्नेछ र बीमा व्यवसायबाट प्राप्त रकम सम्बन्धित कोषमा जम्मा गर्नु पर्नेछ।

(२) एउटा बीमा व्यवसायको निमित्त राखिएको कोषबाट अर्को बीमा व्यवसाय सम्बन्धी दायित्व व्यहोर्न पाइने छैन।

२२. <u>अनिवार्य जगेडा कोष</u> : प्रत्येक बीमकले नेपाल अधिराज्यभित्रको आफ्नो बीमा व्यवसाय सम्बन्धी दायित्वको निमित्त समितिले तोके बमोजिमको जगेडा कोष राख्नु पर्नेछ।

२३. <u>वासलात पेश गर्नु पर्ने</u> : (१) बीमकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महीना भित्र बीमा व्यवसाय सम्बन्धी आफ्नो सम्पूर्ण कारोवारको वासलात तथा नाफा नोक्सानीको हिसाब प्रकाशित गरी सो को एक प्रति समितिमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र कुनै बीमकले पेश गर्नु पर्ने वासलात र नाफा नोक्सानीको हिसाब समितिमा पेश गर्न नसकेको मनासिब कारण देखाई म्याद थपको लागि निवेदन दिएमा समितिले एक महीना सम्मको म्याद थप गरिदिन सक्नेछ।

२४. <u>आम्दानीको हिसाब पेश गर्नु पर्ने</u> : (१) बीमकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महीना भित्र समितिले तोकेको ढाँचामा नेपाल अधिराज्य भित्र बीमा व्यवसायबाट भएको आम्दानीको हिसाब छुट्टा छुट्टै रूपमा तयार गरी समितिमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र कुनै बीमकले आम्दानीको हिसाब पेश गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नसकेको मनासिब कारण देखाई म्याद थपको लागि निवेदन दिएमा समितिले एक महीना सम्मको म्याद थप गरिदिन सक्नेछ।

२५. लेखा परीक्षण: (१) बीमकले नेपाल अधिराज्यभित्र गरेको बीमा व्यवसायको हिसाब किताब लेखा परीक्षकद्वारा जँचाउनु पर्छ र लेखा परीक्षकको प्रतिवेदनको एक प्रति समितिमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा लेखा परीक्षण गर्दा कैफियत तलब गरिएका (बेरूजु तथा अनियमितता) कुरा र सो बारेको व्यवस्थापन तर्फको स्पष्टीकरण समेत उल्लेख भएको हुनु पर्नेछ।

२६. बीमाङ्कीद्वारा मूल्याङ्कन गराउने : जीवन बीमा व्यवसाय गर्ने बीमकले प्रत्येक तीनवर्षमा एक पटक आफ्नो आर्थिक स्थितिको लेखा जोखा र दायित्वको मूल्याङ्कन बीमाङ्कीद्वारा गराउनु पर्नेछ। सो सम्बन्धमा बीमाङ्कीले पेश गरेको प्रतिवेदनको एक प्रति बीमकले समितिमा पेश गर्नु पर्नेछ।

२७. बीमा शुल्क जोखिम ग्रहण गर्नुभन्दा अगाडि भुक्तानी हुनु पर्ने : कुनै पनि बीमकले कुनै पनि किसिमको बीमा व्यवसाय गर्दा लिइने बीमा बापतको शुल्क रकम प्राप्त नभएसम्म बीमा जोखिम स्वीकार गर्नु हुदैन। बीमकले जोखिम ग्रहण गरे बापत बीमा शुल्क रकम प्राप्त गरेपछि मात्र बीमा गरेको मानिनेछ।

तर कुनै कारणवश एकमुष्ट रकम बुझाउन व्यवहारिक कठिनाइ परी बाँकी रकम भुक्तानी गर्ने सम्बन्धमा अवधि किटान गरी बैंक वा श्री ५ को सरकारको जमानतमा बीमा लेख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

6085

जारी गर्न यस दफाले कुनै बन्देज लगाएको मानिने छैन।

२८. पुनर्बीमा गराउनु पर्ने : बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको जोखिमको पुनर्बीमा समितिले तोके बमोजिम गराउनु पर्नेछ ।

२९. कानूनी प्रतिनिधि राख्नु पर्ने : बीमकले नेपाल अधिराज्यभित्रको आफ्नो मुख्य कार्यालयमा एक जना कानूनी प्रतिनिधि राख्नु पर्नेछ ।

परिच्छेद - ५
बीमा अभिकर्ता वा सर्भेयर सम्बन्धी व्यवस्था

३०. बीमा अभिकर्ता वा सर्भेयरको दर्ता : (१) बीमा अभिकर्ता वा सर्भेयरको रूपमा काम गर्न चाहने व्यक्तिले सम्बन्धित बीमकको सिफारिश सहित समितिमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजतपत्र दिन हुने देखिएमा निवेदकलाई तोकिएको दस्तूर लिई तोकिए बमोजिमको ढाँचामा बीमा अभिकर्ता वा सर्भेयरको इजाजतपत्र दिनु पर्नेछ र इजाजतपत्र दिनु नपर्ने कुनै कारण भएमा त्यसको जानकारी समितिले सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

३१. इजाजतपत्रको अवधि र नवीकरण : (१) बीमा अभिकर्ता वा सर्भेयरले आफ्नो इजाजतपत्र नवीकरणको लागि प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा तोकिएको दस्तूर सहित तोकिएको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त भएपछि समितिले बीमा अभिकर्ता वा सर्भेयरको इजाजतपत्रको नवीकरण गरिदिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र कुनै बीमा अभिकर्ता वा सर्भेयरले आफ्नो इजाजतपत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई निवेदन दिएमा र सो कारण मनासिब देखेमा समितिले तोकिए बमोजिम थप दस्तूर लिई बढीमा छ महीनाको म्याद थप गरिदिन सक्नेछ।

३२. <u>बीमा अभिकर्ता तथा सर्भेयरको अयोग्यता</u> : देहायका अवस्थामा कुनै पनि व्यक्ति बीमा अभिकर्ता वा सर्भेयर हुन सक्ने छैन :-

(क) सोह्र वर्ष उमेर नपुगेको,

(ख) मानसिक स्थिति ठीक नभएको,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) कुनै प्रकारको चोरी गरेको, ठगी गरेको वा आफ्नो जिम्मामा रहेको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा

(ङ) बीमा व्यवसाय सम्बन्धी काम गर्दा बीमक वा बीमा लेख लिनेको विरुद्ध हानि नोक्सानी हुने कुनै काम गरेको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. इजाजतपत्र खारेज हुने : (१) कुनै बीमा अभिकर्ता वा सर्भेयरले दफा ३१ बमोजिम आफ्नो इजाजतपत्र नवीकरण नगराएमा, बीमा लेख लिनेको हक हित विरुद्ध वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरीत कुनै काम गरेको छ भन्ने कुरामा समिति विश्वस्त भएमा समितिले त्यस्ता बीमा अभिकर्ता वा सर्भेयरको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु पूर्व समितिले निजलाई लगाइएको आरोप उपर स्पष्टीकरण पेश गर्न मनासिब समय दिनु पर्नेछ।

परिच्छेद - ६
कोष र लेखा परीक्षण

३४. समितिको कोष : समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) बीमक, बीमा अभिकर्ता वा सर्भेयरको नाम दर्ता, नवीकरण दस्तूर आदिबाट प्राप्त रकम,

(घ) सेवा शुल्कबाट प्राप्त रकम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

३५. लेखा र लेखा परीक्षण : (१) समितिको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा समितिको हिसाब किताब सम्बन्धी कागजात र अरू नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न, जँचाउन सक्नेछ।

परिच्छेद - ७

विविध

३६. दण्ड सजाय : (१) कुनै बीमक वा बीमकको सञ्चालक, कर्मचारी वा सर्भेयर वा बीमा अभिकर्ताले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेश वा निर्देशनको जानीजानी उल्लङ्घन गरेमा वा आफूले गर्नु पर्ने कुनै काम कारवाही नगरेमा वा गर्न नहुने काम कारवाही गरेमा त्यस्तो बीमक वा सञ्चालक, कर्मचारी वा सर्भेयर वा बीमा अभिकर्तालाई समितिले तीनहजार देखि दशहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूर पटक पटक गरेमा प्रत्येक पटकको लागि निजलाई पाँचसय रूपैयाँका दरले थप जरिवाना हुनेछ।

(२) कुनै बीमक वा बीमा अभिकर्ताले यस ऐन बमोजिम पु-याउनु पर्ने रित नपु-याई बीमा व्यवसाय गरेमा समितिले दशहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कसैले जानी जानी वा बदनियत साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नुपर्ने हिसाब, किताब, खाता, विवरण सूचना वा अन्य कुनै कागजात सो राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने समयमा नराखेमा, नबनाएमा, तयार नगरेमा, पेश नगरेमा वा झुट्टा विवरण वा कागजात बनाएमा वा पेश गरेमा निजलाई तीसहजार रुपैयाँ सम्म जरिवाना वा दुईवर्ष सम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

३७. <u>पुनरावेदन</u> : यस ऐन बमोजिम समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संगठित संस्थाले सो निर्णय भएको पैंतीस दिन भित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

३८. <u>इच्छाइएको व्यक्तिले पाउने</u> : (१) कुनै जीवन बीमा लेखको अवधि समाप्त हुनु अगावै सो बीमा लेख लिने व्यक्तिको मृत्यु भएमा बीमा लेख अनुसारको रकम निजले आफ्नो बीमा लेखमा इच्छाइएको व्यक्तिले पाउनेछ। निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाइएको व्यक्तिको अघि नै मृत्यु भैसकेको भए बीमा लेख लिने व्यक्तिको देहाय बमोजिम नाता पर्ने आश्रितहरू मध्ये क्रमानुसार जीवित सदस्यलैं पाउनेछ :-

(क) पति वा पत्नी,

(ख) अविवाहित छोरा छोरीहरूमा बराबरीको हिस्साले,

(ग) बाबु, आमा,

(घ) विवाहित छोराहरुमा बराबरीको हिस्साले.

(ङ) मृत छोराको छोरा छोरीमा बराबरीको हिस्साले.

(च) छोराको विधवा पत्नी.

(छ) अविवाहित दाजु भाईहरुमा बराबरीको हिस्साले.

(ज) अविवाहित दिदी बहिनीहरुमा बराबरीको हिस्साले; र

(झ) बाबु पट्टीको बाजे वा बज्यै।

(२) उपदफा (१) बमोजिम इच्छाइएको व्यक्तिको मृत्यु भएमा वा इच्छाइएको व्यक्ति बदल्न चाहेमा बीमा लेख लिनेले अर्को व्यक्तिलाई इच्छाउन सम्बन्धित बीमक कहाँ लेखिपठाउनु पर्नेछ। बीमकले पनि बीमा लेख लिनेको अनुरोध बमोजिम इच्छाइएको व्यक्ति राखी त्यसको लिखित सूचना सम्बन्धित बीमा लेख लिनेलाई दिनु पर्नेछ।

३९. सोधपुछ तथा जाँचबुझ गर्न सकिने : (१) समितिले बीमा लेख लिनेको हितको लागि वा अन्य कुनै मनासिब कारणले आवश्यकता अनुसार कुनै बीमक वा बीमा अभिकर्ता वा सर्भेयर वा बीमित लगायत अन्य सबै सम्बन्धित व्यक्ति वा संस्थासंग बीमा व्यवसायका सम्बन्धमा र बीमकले अन्य कुनै व्यवसाय पनि गरेको भए सो सम्बन्धमा समेत सोधपुछ वा जाँचबुझ गर्न वा गराउन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम सोधपुछ वा जाँचबुझ हुँदा मागिएको हिसाब किताब स्याहा श्रेस्ता र अन्य कागजपत्र, सूचना र सोधेको कुराको जवाफ दिई सहयोग गर्नु बीमक, बीमकको बहाल रहेको वा नरहेको सबै कर्मचारी र बीमा अभिकर्ता, सर्भेयर, बीमित तथा अन्य सबै सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम सोधपुछ वा जाँचबुझ गराउँदा लागेको खर्च सम्बन्धित बीमकले व्यहोर्नु पर्नेछ।

४०. <u>बीमा सेवा शुल्क</u> : (१) समितिले बीमक तथा बीमा अभिकर्ताहरुलाई आवश्यक एवं उपयुक्त सेवा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम समितिले उपलब्ध गराएको सेवा प्राप्त गर्न प्रत्येक बीमकले प्रत्येक आर्थिक वर्षमा नेपाल अधिराज्यभित्र आफूले बीमा व्यवसायबाट आम्दानी गरेको कूल बीमा शुल्कको एक प्रतिशतका दरले हुन आउने रकम समितिले तोकिदिए बमोजिम समितिलाई बुझाउनु पर्नेछ।

४१. <u>बीमा दर सल्लाहकार समिति</u> : (१) श्री ५ को सरकारले बीमा व्यवसायको बीमा दर कायम गर्नको लागि देहायका सदस्यहरु रहेको एक बीमा दर सल्लाहकार समिति गठन गर्न सक्नेछः-

(क) अध्यक्ष,
बीमा समिति- अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) बीमकका प्रमुखहरूका प्रतिनिधि- सदस्य

(ग) सचिव, बीमा समिति- सदस्य-सचिव

(२) सल्लाहकार समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) सल्लाहकार समितिको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

४२. वार्षिक प्रतिवेदन : (१) समितिले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकार, अर्थ मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिएको प्रतिवेदनको सारांश समितिले स्थानीय पत्रपत्रिकामा समेत प्रकाशित गर्नुपर्नेछ।

४३. अधिकार प्रत्यायोजन : समितिले आफ्नो अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, उपसमिति वा समितिको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४४. श्री ५ को सरकारले निर्देशन दिन सक्ने : श्री ५ को सरकारले बीमा व्यवसायको हित र सम्बर्द्धनको निमित्त समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

४५. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४६. <u>प्रचलित कानून बमोजिम हुने</u> : यस ऐनमा लेखिएको जतिमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

४७. <u>नियम तथा विनियम बनाउने अधिकार</u> : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) यस ऐनको अधीनमा रही समितिले आवश्यक विनियम बनाउन सक्नेछ।

४८. <u>खारेजी र बचाउ</u> : (१) बीमा ऐन, २०२५ खारेज गरिएकोछ।

(२) यो ऐन लागू हुनु अघि भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेका मानिने छन्।

लालमोहर सदर मिति २०४९।९।२।५

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।